**नार्पा भूमि गाउँपालिकाका अध्यक्ष श्री मिङमा छिरिङ लामा ज्यूले**
**मिति २०७८ असार १० गते पेश गर्नुभएको**

# आर्थिक वर्ष २०७८।७९ को
# बार्षिक नीति तथा कार्यक्रम

नार्पा भूमि गाउँपालिका

च्याखूँ, मनाङ

गण्डकी प्रदेश

# खण्ड १ परिचय र समिक्षा

## १.१ परिचय

नेपालको शासन व्यवस्थ संध, प्रदेश र स्थानीय गरी तिन तहमा विभाजन गरेको छ । संविधान अनुरुप प्रत्येक तह स्वायत्त हुने र प्रत्येक तहका आफ्नै सरकार हुने व्यवस्थाले घर घरमा सिंहदरबारको परिकल्पना साकार हुने अवस्था रहेको छ। वि.सं. २०६२/०६३ को जनआन्दोलन र त्यसले सृजना गरेको राजनीतिक परिवर्तनको प्रभाव, नेपालको संविधान र २०७३ को राज्य पुनर्संरचना पछि हिमाल पारिको जिल्ला भनेर चिनिने मनाङको नार्पाभूमि ( साविक नारफू) गाउँपालिका यसका आफ्नै विविध विशेषताले परिचित गाउँपालिका हो । यसभित्र पर्ने फू क्षेत्र ( तत्कालीन फू गा.वि.स.) लाई नेपालको सबैभन्दा कान्छो गा.वि.स.का रुपमा चिनिन्थ्यो, जसलाई नेपालको भूभागभित्र सन् १९५० पछि मात्र पहिचान गरिएको कुरा विभिन्न स्रोतहरुमा उल्लेख भएको पाईन्छ । प्राकृतिक सुन्दरताका पारखी विश्वका मानिसहरुका लागि यो एउटा सुन्दर र मनोरम गन्तब्य हो भन्दा अत्युक्ति नहोला । साविकका नार र फू गा.वि.स. मिलेर बनेको यस गाउँपालिका समुद्र सतह देखि करिब २६०० मि. देखि ७००० मि. को उचाईमा फैलिएको छ। उत्तरमा चिनको स्वशाशित क्षेत्र तिब्बत, दक्षिणमा चामे गाउँपालिका, पूर्वमा नासों गाउँपालिका मनाङ र पश्चिममा मनाङ डिस्याङ गाउँपालिका भित्र यो गाउँपालिका अवस्थित छ भने यसको क्षेत्रफल ८३७.५३ बर्ग कि.मि. छ। जम्मा ५ वटा वडाहरु रहेको यस गाउँपालिकाको केन्द्र च्याँखु तोकिएको छ। जम्मा १२८ घरधुरी रहेको यस नार्पाभूमि गाउँपालिकामा जम्मा जनगणना २०६८ का अनुसार ५३८, हाल ६१५ जनसंख्या रहेको छ । लामा प्रजातिको बाहुल्यता रहेको यस क्षेत्रमा अन्य जातहरु जस्तै घले गुरुङ, मगर, शेर्पा र श्रेष्ठहरुको समेत बसोबास रहेको पाईन्छ । यहाँका सम्पूर्ण मानिसहरु बुद्ध धर्मका अनुयायीहरु हुन । कामकाजको रुपमा देवनागरी लिपीको नेपाली भाषा प्रयोग हुने यस क्षेत्रका मानिसहरुको भाषा नार्पा भाषा हो भने भाषा आयोगको प्रतिवेदनले नार भाषालाई राष्ट्रिय भाषाको मान्यता दिन सिफारिस समेत गरेको छ ।

कृषितर्फका मुख्य उत्पादनमा  करु (उवा) र आलु पर्दछन् । अत्यधिक चिसोको कारण एक वालि प्रणाली कायम रहेको छ, जुन परम्परागत खेतिप्रणली अनुसार उत्पादन हुनालेखाद्यान्नमा आत्मनिर्भर हुन सकेको छैन । याक, चौंरी, भेडा, च्यांग्रा जस्ता पशुहरुको पालन पशुजन्य उत्पादन घ्यू, मासु आदिको विक्री वितरण यस क्षेत्रको अर्को आम्दानीको श्रोत हो । बहुमुल्य औषधीय गुणयुक्त जडिबुटी यार्सागुम्बा यस क्षेत्रको मुख्य चिनारी र आम्दानीको मुख्य श्रोत समेत हो । अन्य महत्वपूर्ण जडिबुटीहरु जस्तै पाँचऔंले, निरमसी, पदमचाल, बन लसुन आदि पनि यस क्षेत्रमा प्रचुर मात्रामा पाईन्छन् । तल्लो क्षेत्रमा भएको जंगलमा सल्लाका विभिन्न जात जस्तै धुपीसल्ला, लौठसल्ला, ठिंगुरेसल्ला आदि रुखविरुवाहरु यस क्षेत्रमा पाईने रुखविरुवाहरु हुन् भने माथिल्लो क्षेत्रमा ठूला, फराकिला र रमणीय घाँसे मैदानहरु (चरन क्षेत्रहरु) पाईन्छन् ।

खासगरी वर्षमा करिब आधा समय हिउँले सेताम्य ढाक्ने यो क्षेत्र पर्यटकीय दृष्टिकोणले नै उत्तम क्षेत्र हो भन्न सकिन्छ। क्यानोनिङ (छहरा आरोहण) का लागि नयाँ गन्तब्यका रुपमा परिचित विश्वकै अग्लो स्थानमा रहेको लुङ्गा झरना (५२१५ मि.) यसै गाउँपालिकाको फू क्षेत्रमा पर्दछ। विभिन्न धार्मिक महत्व राख्ने यहाँका प्रशिद्ध टसि लाकाङ लगायतका बौद्ध गुम्बाहरु, परम्परागत मौलिक शैलीका बस्ती, भेषभुषा र संस्कृतीहरु, सुन्दर याक, चौंरी र च्यांग्राहरु, रमणीय चरन क्षेत्रहरु, कंगारु लगायतका हिमाल र हिमश्रृंखलाहरु, ट्रेकिङका लागि प्रशिद्ध काङला पास, तेरिला पास, पाङ्गे पास जस्ता गन्तब्यहरु,  ग्राकाङ गुफा, तिम्बु गुफा जस्ता रमणीय गुफाहरु यस क्षेत्रमा पर्यटकीय सम्भावना बोकेका क्षेत्रहरु हुन् । मुलतः पर्यटन क्षेत्रको विकासले नै यहाँको विकासको सम्भावनाको ढोका खोल्ने कुरालाई नकार्न सकिँदैन ।

# १.२ गाउँपालिकाका अवसर तथा चुनौतीहरु

१.२.१ अवसरहरु

क) स्थानीय सरकारको रुपमा संबैधानिक मान्यता पाएको गाउँपालिका सरकारले सिंहदरबारको अधिकार गाउँ गाउँमा भन्ने मुल नाराका साथ राज्यका विभिन्न तहबाट प्राप्त अनुदान र राजश्व बाँडफाँडबाट प्राप्त बजेट स्थानीय आवश्यकताको आधारमा बहुआयामिक क्षेत्रमा उपयोग गर्दै यस क्षेत्रको आर्थिक, सामाजिक तथा राजनैतिक नेतृत्व विकास गर्ने ।

ख) गाउँपालिका क्षेत्रभित्रका पर्यटकीय स्थलहरुको पहिचान र प्रवर्द्धन मार्फत पर्यटन प्रवर्द्धन गर्दै आन्तरीक तथा अन्तर्राष्ट्रिय पर्यटकहरु पालिका क्षेत्रभित्र भित्र्याई रोजगारी सृजना, व्यवसाय स्तरोन्नती गर्दै पर्यटन व्यवसाय मार्फत आर्थिक समृद्धि हासिल गर्ने ।

ग) पशुपालनलाई जीवनयापनको आधारको रुपमा विकास गर्दै व्यवसायीकरण तर्फ उन्मुख गरी स्थानीय माटो र हावापानी सुहाउँदो कृषि र पशुपालनका लागि आवश्यक अध्ययन अनुसन्धान एवं विकास कृषि र पशुजन्य उत्पादनमा आत्मनिर्भर हुने र थप आर्जन गर्ने ।

घ) यार्सागुम्बा, पदमचाल, पाँचऔंले, निरमसी, बन लसुन आदिजस्ता औषधीय गुण भएका जडिबुटीको प्रचुरता भएको यस क्षेत्रमा जडिबुटीको भण्डारण र प्रशोधनको व्यवस्था स्थानीय तहमै मिलाई यसबाट थप फाईदा लिन सकिने स्थिति छ ।

ङ) हालसम्म पनि सडक सञ्जालले नछोएको मनाङ जिल्लाको एकमात्र गाउँपालिकाको रुपमा रहेको यस नर्पा भूमि गाउँपालिकालाई भर्जिन ल्याण्डको रुपमा विकास गरी ट्रेकिङ ट्रायलको रुपमा विकास गरी आन्तरीक र अन्तराष्ट्रिय स्तरमा प्रचार मार्फट ट्रेकिङ व्यवसायम मार्फत यस गाउँपालिकालाई विश्व मानचित्रमा स्थापित गर्ने ।

च) शिक्षा, स्वास्थ्य र सरसफाईका क्षेत्रमा आएको सकारात्मक सोचका कारण गाउँपालिका क्षेत्रमा विद्यमान करीति तथा कुसस्कारहरुको निमूल गरी सामाजिक क्षेत्रमा सकारात्मक परिवर्तन गर्ने अवसर प्राप्त भएको छ ।

### १.२.२ चुनौतीहरु

क) विगत लामो समय जनप्रतिनिधि विहिन अवस्थामा रहेका स्थानिय तहहरु एवं नयाँ अभ्यासको रुपमा रहेको स्थानीय सरकारको संचालनगरी जनतालाई घर घर मा सिंहदरबाको प्रत्याभूति दिलाउनु ।

ख) देशमा उपलव्ध सिमित स्रोत र साधनहरु एवं स्थानीय सरकारलाई प्राप्त आर्थिक अधिकारहरुको उपयोग मर्फत जनताहरुको अधिकतम आवश्यकताहरु पुरा गर्नु ।

ख) हरेक खालका विकासका लागि अत्यावश्यक सडक यातायात सुविधाले बञ्चित यस गाउँपालिकामा अन्य भौतिक पूर्वाधारका विकास गर्नु कठिन र महंगो सावित हुने कुरा पक्का छ ।

ग) संघीय तथा प्रादेशिक सरकारबाट अनुदान र राजश्व बाँडफाँड शीर्षकमा प्राप्त आयको हिस्सा क्रमशः घट्दै जाने निश्चित प्राय नै देखिन्छ । सो सन्दर्भमा हामीले हाम्रो आफ्नै अर्थतन्त्रको आकार बढाउँदै जानु पर्ने र यस क्षेत्रमा सम्भावित करका दर र दायराहरु फराकिलो पार्दै लानुपर्ने

बाध्यात्मक स्थिति एकातिर छ भने यसबाट उत्पन्न आर्थिक, सामाजिक तथा राजनैतिक अप्ठ्याराहरुको सामना हामिले गर्नुपर्ने देखिन्छ ।

घ) जनसंख्याको न्यूनताका कारणले स्थानीय सरकारले गर्ने सबै खाले गतिविधिमा आबश्यक सहभागिता जनाउने, निगरानी राख्ने, सामाजिक परिक्षण गर्ने र विकासमा प्रतिस्पर्धात्मक वातावरणको सिर्जना गर्ने कार्य यस क्षेत्रमा चुनौतीको रुपमा खडा भएको छ ।

ङ) भौगोलिक विकटताकै कारण कर्मचारी खटिनै नचाहने र खटिए तापनि high altitude का कारण फिर्ता भैरहने प्रबृत्ति देखिएकोले यस क्षेत्रमा आवश्यक कर्मचारीको व्यबस्थापन गर्ने काम पनि चुनौतीकै रुपमा देखिएको छ ।

च) वर्षमा करिब ६ महिना हिउँ पर्ने भएकोले बाँकी ६ महिनामा वार्षिक नीति कार्यक्रम तथा बजेटका सम्पूर्ण काम गर्नुपर्ने अबस्था यस गाउँपालिकाको लागि अर्को स्थायी चुनौतीका रुपमा सदैब खडा छ ।

# १.२ चालु आ.व. को नीति तथा कार्यक्रमको समिक्षा

## (क) आर्थिक क्षेत्र

मनसुनमा आधारीत, निर्वाहमुखी र परम्परागत खेती प्रणाली, न्यून उत्पादन र उत्पादकत्वको कारण खाद्यान्नामा परनिर्भर हुनुपर्ने अवस्था रहेको छ । उच्च हिमपातले गदाँ हिउदको समयमा जाडो छल्न जनताहरु पहाड र तराईका क्षेत्रहरुमा वा व्यापार व्यवसाय गर्न झर्ने गर्दा मौसमी प्रकृतिको उत्पादनले कृषि तथा पशुपालन व्यवसाय व्यवसायीक बनाउन नसकिने देखिन्छ । पशुपालन व्यवसाय परम्परागत हुदाँ उच्च प्रतिफल दिन सकेको पाईदैन भने यातायतको असुविधा हुदाँ पशुपालनलाई ढुवानी संग सकेत जोडिने हुदाँ उच्च प्रतिफल दिन सकेको छैन । कृषिको यन्त्रिकरण र व्यवसायीकरण गरी उच्च उत्पादकत्व र उत्पादन हासिल गर्ने चुनैति हामी सामु विद्यमान रहेको छ ।

## (ख) सामाजिक क्षेत्र

गाउँपालिकाक्षेत्रभित्र अध्ययन गर्ने विद्यालय संस्कृति कमजोर हुदै गएको सन्दर्भमा नार आधारभूत विद्यालय र फू आधारभूत विद्यालयमा मन्टेश्वरी कक्षा संचालनको लागि पूर्वाधार तयार भएको छ । उक्त विद्यालयमा शिक्षण भाष अंग्रेजी माध्यबाट गर्ने प्रकृयामा रहेकोमा यस आर्थिक बर्षमा संचालनमा ल्याउन नसकिएकोले आगामी आर्थिक वर्षमा यस क्षेत्रमा जोड दिइनेछ । साथै स्वास्थ्य तर्फ स्वास्थ्य चौकीको स्तरोन्नति गर्ने उदेश्यअनुरुप कार्य अगाडी वढाईएको भएतापनी कोभिड १९ र देशमा विद्यमान लकडाउनका कारण उक्त स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार संचालनमा ठेक्का प्रकृयामा गएतापनि कार्य सम्पन्न गर्न नसकिएको अवस्था रहेको छ । गाउँपालिका क्षेत्रभित्र विभिन्न खानेपानीका आयोजनाहरु संचालनमा रहेका छन । एक घर एक धाराको नीति अनुसार कार्य अगाडी वढेका छन । देशमा विद्यमान लकडाउनका कारण उक्त क्षेत्र समेत अछुतो रहन सकेन ।

## (ग) पूर्वाधार क्षेत्र

विकासको मेरुदण्डको रुपमा रहेका पूर्वाधार क्षेत्रमा गाउँपालिकाको अधिकाशं बजेट विनियोजन भएकोमा कार्यान्वयन समेत प्रभावकारी रुपमा अगाडी वढेका छन । गाउँपालिका प्रवेश गर्ने मनाङको कोतो देखी मेता च्याँखू

सडक खण्डमा ट्र्याक ओपन गर्ने कार्य निरन्तर अगाडी बढीरहेको छ । झोलुङ्गे पुल तर्फका विभिन्न योजनाहरु पनि कार्य सम्पन्न भएका छन । जसले गाउँपालिकाको पूर्वाधार क्षेत्रमा स्तरोन्नति भएको अवश्य छ। आगामी दिनमा पूर्वाधार विकासका क्षेत्रमा निरन्तर अगाडी बढ्न सकेमा आर्थिक सम्वृद्धि हासिल हुने देखिन्छ ।

### (घ) वातावरण तथा विपद व्यवस्थापन

वातावरण र विपद व्यवस्थापनका क्षेत्रमा गाउँपालिकामा विभिन्न कार्यहरु अगाडी बढेका हुन । गाउँपालिकाकाको विपद व्यस्थापन समितिको परिचालन भईरहेको छ । साथै विपद व्यवस्थापन कोष संचालनको मापदण्ड तयार भई कार्यान्वयमा गएको छ । भने गाउँपालिकामा विभिन्न समयमा हुने विपद उद्दार र राहात कार्यको काम समेत प्रभावकारी रुपमा अगाडी बढेको छ । कोभिड १९ का कारण देशमा विद्यमान लकडाउनले दैनिक गुजारा चलाउन नसक्ने प्रकृतिका जनताहरुलाई राहात वितरणको कार्य सम्पन्न भएको छ । साथै आगमी आर्थिक वर्ष सम्ममा यस्तो अवस्था विद्यमान रहेमा समेत पुन राहात वितरणको कार्य अगाडी बढाईनेछ। कोभिड १९ कोषको स्थापना गरी बजेट संकलन तथा विनियोजनको कार्य अगाडी बढेको छ।

### (ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन

गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक एवं सरकारी संस्थाहरुको सेवा प्रवाहलाई प्रभावकारी वनाउन समन्वय गर्ने कार्य भईरहेको छ । गाउँपालिकाका लागि नेपाल सरकारबाट स्वीकृत दरवन्दी अनुसार लोक सेवा आयोगमा माग अकृति फारम भरि पठाईएका कर्मचारीहरु कार्यालमा उपस्थिति भई नियुक्ति, पदस्थापना भई कार्यविवरण प्रदान गरी कामकाजमा खटाईसकिएको छ । विषयगत शाखामा रिक्त दरवन्दीहरुको समेत लोक सेवा आयोगमा माग आकृति फारम भरि पठाईसकिएको छ भने रिक्त दरवन्दीमा कामकाज गर्न सेवा करारको माध्यमबाट पद पूर्ति गर्ने व्यवस्था मिलाईएको छ । प्रत्येक स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीको अभाव हुन नदिन सेवा करारको माध्यबाट समेत जनशक्ति पूर्ति गर्ने व्यवस्था मिलाईएको छ। साथै गाउँपालिकाको केन्द्र च्याँखुमा कार्यालय भवन उद्घाटन गरी नेपाल बैंक लि. को शाखा कार्यालय र नेपाल प्रहरीको एक इकाई स्थापना कार्य सम्पन्न गरिएको छ।

### (च) अन्य

विश्वव्यापी महामारीको रुपमा देखा परेको कोभिड १९ को रोकथामका लागि साविक गाउँपालिका भवन रहेको नारमा क्वारेन्टाईन स्थल निर्माण गरिएको साथै जनताहरुलाई स्वास्थ्य सेवा प्रभावकारी रुपमा पुर्याउन स्वास्थ्य चौकिहरुमा निरन्तर स्वास्थ्य कर्मी परिचालनको कार्य गरिएको छ । उक्त रोगको रोकथामका लागि गाउँपालिकाले आवश्यक कदमहरु चालेको छ।

# खण्ड २ - आगामी आ.व. ०७८।७९ को नीति, बजेट तथा कार्यक्रम

## २.१ सोच, लक्ष्य, उदेश्य र अपेक्षित उपलब्धी

### २.१.१ सोंच

आगामी ५ वर्ष भित्र नार्पाभूमि गाउँपालिकालाई नेपालको प्रमुख पर्यटकिय गन्तव्य स्थालको रुपमा विकास गर्दै आर्थिक, सामाजिक, सास्कृतिक र राजनैतिक अग्रगमन सहितको सुन्दर, सुसंस्कृत र सभ्य ग्रमीण क्षेत्रको रुपमा विकास गर्ने ।

### २.१.२ लक्ष्य

आधारभूत प्रजातान्त्रिक, सामाजिक र मानवीय मूल्य मान्यताको अनुसरण र विकास गर्दै नार्पा भूमि गाउँपालिकालाई नेपालको विकासोन्मुख गाउँपालिकाको रुपमा रुपान्तरण गर्ने ।

### २.१.३ उद्देश्य

दिगो विकासका लक्ष्य हासिल गर्न पूर्वाधार विकास मार्फत रोजगारी सिर्जना गरी गरिबी, बेरोजगारी अशिक्षा र पछौटेपन घटाउँदै आर्थिक सामाजिक रुपान्तरण गर्नु ।

### २.१.४ अपेक्षित उपलब्धी

यस बजेटको कार्यान्वयन पश्चात निम्नानुसार विभिन्न क्षेत्रमा सकारात्मक परिवर्तन हुने अपेक्षा गरिएको छ :

क) यस बजेटको कार्यान्वयन पश्चात् नार्पा भूमि गाउँपालिकाको कृषि, पशुपालन, पर्यटन तथा साना (कुटुरी) उद्योगको क्षेत्रमा यथासम्भव विकास भई रोजगारी सृजनामार्फत आर्थिक समृद्धि हासिल भई जीवनयापन सहज हुनेछ ।

ख) पर्यटन क्षेत्रको विकासका लागि अत्यावश्यक भौतिक पूर्वाधारको निर्माण भएको हुनेछ भने यस क्षेत्रको दिगो विकास र प्रचार प्रसारका लागि निर्मित **नार्पा टुरिजम वेभसाईट** मार्फत राष्ट्रिय र अन्तराष्ट्रिय पर्यटन बृद्धि हुनेछ ।

ग) नार र फूमा रहेका आधारभूत विद्यालयहरुको भौतिक तथा शैक्षिक गुणस्तर बृद्धि हुनेछ भने स्वास्थ्य क्षेत्रको गुणस्तर र प्रभावकारी स्वास्थ्य सेवा प्रवाह भएको आभास हुने गरी सो क्षेत्रको विकास भएको हुनेछ । धार्मिक तथा सांस्कृतिक क्षेत्रको उचित विकास र प्रचारमार्फत यस क्षेत्र थप परिचित हुनेछ ।

घ) सडक सञ्जालको लागि गाउँपालिका स्तरबाट विभिन्न ठाउँमा ट्याक खोल्ने कार्य भई यातायातकको क्षेत्रमा एउटा आशा जाग्नेछ भने सोही प्रयोजनका लागि केन्द्रीय तथा प्रादेशिक योजनाका लागि पहलसमेत गरिनेछ । पूर्वाधार विकासका अन्य क्षेत्रहरु जस्तै सिंचाई तथा सरकारी/सार्वजनिक प्रयोजनका लागि अत्यावश्यक केही भवनहरुको निर्माण भएको हुनेछ भने संचार सुविधाका लागि यथेष्ठ कार्य भएको हुनेछ ।

## २.२ बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति तथा आधारहरु

## २.२.१ समग्र नीति तथा आधारहरु

क) नेपालको संविधान
ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४
ग) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
घ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
ङ) संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु

च) संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना
छ) स्थानीय तहको मध्यकालीन खर्च संरचना
ज) स्थानीय क्षेत्रमा उपलब्ध स्रोत साधन
झ) विकासका अन्तरसम्बन्धित बिषयहरु
ञ) नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्वहरु, संघ र प्रदेश सरकारले अबलम्बन गरेका अन्य आर्थिक नीतिहरु आदि ।

## २.२.२ क्षेत्रगत नीति तथा आधारहरु

**क) आर्थिक विकास क्षेत्र**

**१. कृषिः**

- यस गाउँपलिका वडा नं. ४ र ५ मा जिम्बु खेति प्रणालीलाई प्रोत्साहन गरिनेछ साथै वडा नं १,२ र ३ का नार गाउँ क्षेत्रमा आलु र करु उत्पादनलाई प्राथमिकता दिई उत्पादन गर्ने नीति लिईनेछ ।
- यस गाउँपालिका क्षेत्रमा उपलव्ध कृषि क्षेत्रको दिगो विकासका लागि १ वर्ष भित्र विज्ञ सहितको एक समिति गठन गरी भू उपयोग नीति निर्माण गर्ने, कृषि संग सम्वन्धीत महिला, युवा, कृषक, प्राविधिक समेतको संलग्नता र उपलव्ध सबै स्रोत साधनको उपयोग गरी आगामी ५ वर्ष भित्र खाद्यान्नमा आत्मनिर्भर गाउँपालिका बनाउने नीति लिईनेछ ।
- कृषकहरुको सर्वपक्षिय हितको लागी कृषि बिमालाई प्रोत्साहन गर्दै उत्पादित उपभोग्य वस्तुहरुको विक्रि वितरणको लागी कृषि बजारको व्यवस्थापन गर्ने नीति लिईनेछ ।
- कृषिबालीको प्रकृतिको आधारमा कृषियोग्य जमिनको पहिचान गरी गाउँपालिका क्षेत्रभित्रका प्रत्येक वडामा कम्तिमा एक कृषि पकेट क्षेत्रको रुपमा विकास गरिनेछ ।
- खाद्य स्वच्छता प्रवर्द्धन तथा नियमन गर्न कानूनी संरचना तयार गरिनेछ । विषादिको उपयोग सुरक्षित स्तरमा राख्न जनचेतना अभिबृद्धि र प्रभावकारी नियमन गरिनेछ । प्रत्येक वडाको माटो परिक्षण गरि उपयुक्त बीउ, मल लगायतका कृषि सामाग्री सिफारिस गर्ने व्यवस्था मिलाईनेछ ।
- नार्पा भूमि गाउँपालिका क्षेत्रभित्र आर्थिक हिसावले पिछडिएका व्यक्ति वा समुदायको आर्थिक उपार्जनका लागी व्यवसायमुखी मौसमी तथा वेमौसमी तरकारी तथा फलफुल खेती गर्न कम्तीमा एक घर एक टनेलको नीति लिईनेछ ।
- सहकारी/सामुहिक तथा निजी व्यवसायीक फर्म दर्ता गरी गरिने खेति प्रणालीलाई प्रोत्साहन गर्दै, गाउँ क्षेत्रभित्रबाट उत्पादन हुने व्यवसायीक कृषि उपजहरुलाई आफ्नो क्षेत्रभित्रका उपभोत्तालाई उपभोग गर्न प्रोत्साहन गर्दै कृषि हाटबजार संचलन गर्ने नीति लिईनेछ ।
- Land Pooling एवं भूमी बैंक स्थापनालाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।
- लक्षित वर्ग (आर्थिक विपन्न) र व्यवसायीक खेती गर्ने किसानहरुलाई आवश्यकताअनुसार प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराईनेछ ।
- कृषकहरुलाई जैविक तथा प्राङगारीक मल प्रयोगमा जोड दिईनेछ ।
- गाउँ स्तरीय कृषि मेला प्रर्दशनी गरी उत्कृष्ट किसानलाई पुरस्कृत गरिनेछ ।
- एक गाउँ एक कृषि प्राविधिकको नीति अवलम्बन गरिनेछ ।

**२. पशु विकाश**

- उत्पादन बृद्धि गर्न नश्ल सुधार कार्यक्रमलाई जोड दिईनेछ ।
- पशुपक्षिहरुको स्वास्थ्य परिक्षण गरी आवश्यक भ्याक्सीन तथा औषधीहरुको प्रवन्ध मिलाईनेछ।
- उत्पादीत पशु तथा पक्षिजन्य उत्पादनको आधारमा उचीत बजार व्यवस्थापन गरिनेछ ।
- गाउँ क्षेत्रभित्रका पशुपालक कृषकहरुलाई पशु विमा गर्न प्रोत्साहीत गरिनेछ ।
- पशुपालन व्यवसायलाई उत्साहीत गर्दै यस गाउँपालिकालाई दुध, मासु र अण्डामा मा आत्मनिर्भर बनाउदै लगिनेछ ।
- व्यवसायीक पशुपालक किसानहरुलाई उत्पादनको आधारम Incentives दिइनेछ ।
- पशुपालन व्यवसायलाई थप प्रभावकारी बनाउन पशु फर्महरु (जस्तै : याक तथा चौरी फर्म, भेडा तथा च्याङ्ग्रा फर्म) दर्ता गर्ने प्रकृयालाई अगाडी बढाईनेछ । जसका आधारमा प्रोत्साहनको नीति लिईनेछ ।

**३. उद्योग तथा वाणिज्य** :

- यस गाउँपलिका केन्द्र च्याखूँ र अन्य संभाव्य क्षेत्रको पहिचान गरी उद्योगहरुको प्रवर्द्धन गर्ने र सो का लागि आवश्यक पूर्वाधारहरुको विकास गर्दै जाने नीति लिईनेछ । साथै कृषिमा आधारीत घरेलु तथा साना उद्योगहरुलाई विशेष प्राथमिकता दिइ कार्यक्रमहरु संचालन गरिनेछ ।
- बजारको एकाधिकार र कृतिम अभावको स्थीति रहन नदिन र गुणस्तरहीन एवं म्याद नाघेका अखाद्य वस्तुहरुको विक्रि वितरणलाई रोक्न नापतौल तथा मुल्य मापनका लागी एक गाउँ स्तरीय अनुगमन समिति गठन गरी व्यवस्थीत गर्न प्रभावकारी कदम चालिनेछ ।
- गाउँपालिकाले औद्योगी ग्राम वा उद्योग ग्राम स्थापनाकोलागी उपयुक्त क्षेत्र छनौट तथा प्रारम्भीक प्रतवेदन तयार गरी आयोजना संचालनको लागी संघ र प्रदेश सरकारमा माग पठाईनेछ ।
- संघ तथा प्रदेश सरकारको समन्वय एवं साझेदारीमा गाउँपालिका भित्र उद्योग ग्राम स्थापना गर्ने कार्यक्रमको लागी प्रारम्भीक अध्ययन गर्न अनुरोध गरिनेछ र सो को लागि आवश्यक जमिन उपलव्ध गराउनको निमित्त आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र स्थापीत होटल, गेष्ट हाउस, लज तथा रेष्टुरेन्टहरुलाई नियमनुसार दर्ता प्रकृयामा जान प्रोत्साहन गदै गाउँपालिकामा व्यवसाय दर्ता एवं अनुमति प्राप्त गरी संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

**४. पर्यटन** :

- पर्यटन प्रवर्द्धनका लागी गाउँपालिका क्षेत्रभित्रका सबै वडाहरुको सम्भाव्यता अध्ययन गरी संभावित वस्तीहरुमा घरवास (होमस्टे) संचालनको कार्यक्रम कार्यान्वयन गर्न पहल गरिनेछ ।
- गाउँपालिकाका पर्यटकिय स्थलहरुको पहिचान गर्दै पर्यटन प्रवर्द्धन कार्यक्रमहरुलाई प्रोत्साहन गर्दै जाने नीति लिईनेछ ।
- देशकै सवैभन्दा अग्लो स्थानमा रहेको पुरानो नार गाउँलाई नेपालको सवैभन्दा अग्लो बस्तीको रुपमा पहिचन गरी नेपालको रेकर्ड कायम गर्न नेपाल सरकार नापी विभाग समक्ष अनुरोध गरिनेछ । र संसारको सवैभन्दा पुरानो पुरातात्विक महत्व बोकेको फू गाउँलाई संरक्षण र प्रवर्द्धनकोलागि आवश्यक पहल गरिनेछ ।
- नार र फू गाउँको प्राचिन सम्पदाहरु, भेषभूषा, कला र संस्कृतिहरुको संरक्षण गर्दै आन्तरिक र अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धन एवं अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गर्न **नार्पा टुरिजम वेभसाईट** निर्माण गरीएको साथै गाउँपालिकाको पर्यटन प्रवर्द्धन सम्वन्धी सम्पूर्ण जानकारी एवं भ्रमण वृतान्त यसमा समावेश गरी पर्यटन व्यवसायलाई थप प्रभावकारी बनाईनेछ ।

- गाउँपालिका क्षेत्रभित्र रहेको गोरेटो बाटोहरुको मर्मत संभार गर्दै ट्रेकिङ रुटको रुपमा विकास गर्दै लगिनेछ । उक्त रुटमा आवश्यक पर्ने भौतिक पूर्वाधार निर्माणकालागि **सार्वजनिक निजी साझेदारीको** अवधारण अगाडी वढाईनेछ ।

**५. सहकारी :**

- यस गाउँपालिका क्षेत्रभित्र स्थापना भई संचालनमा रहेका र आगामी दिनमा स्थापना भई संचालन हुने बहुउदेश्य समेतका सहकारीहरुलाई प्रवर्द्धन गर्दै लगिनेछ ।
- एक वडा एक कृषि सहकारी स्थापना गर्ने कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।
- सहकारीहरुलाई उत्पादनसील क्षेत्रमा लगानी गर्न प्रेरित गरिनेछ ।

**६.वित्तियः**

- यस गाउँपालिका क्षेत्रभित्र संचालित बैङ्क तथा वित्तिय संस्थाहरुको संचालन र समन्वयलाई व्यवस्थीत गर्दै उत्पादनमुलक क्षेत्रमा लगानी अभिवृद्धि गर्न प्रोत्साहित गरिने नीति लिईनेछ ।
- एक व्यक्ति एक बैङ्क खाताको नीतिलाई गाउँपालिका क्षेत्रभित्र समेत प्रोत्साहन गरिनेछ ।
- व्यक्ति तथा संघ संस्थाहरुमा रहेको तरल सम्पतिको अनुत्पादक क्षेत्रमा हुने लगानीलाई निरुत्साहित गरी उत्पादनसिल क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

**ख) सामाजिक विकास क्षेत्र :**

**१. शिक्षा :**

- नार आधारभूत र फू प्राथमिक विद्यालयमा बाल विकास शिक्षण कृयाकलाप (मन्टेश्वरी शिक्षा) संचालनलाई निरन्तरता दिनुका साथै अंग्रेजी माध्यममा अध्यावधिक गरी शिक्षाको स्तारोन्नती गरिनेछ ।
- गाउँपालिका केन्द्र च्याखूँमा आवासीय माध्यमिक विद्यालयको स्थापना गर्न पहल गरिनेछ। उक्त विद्यालयलाई देशको नमुना विद्यालयको रुपमा विकास गर्न पहल गरिनेछ ।
- गाउँपालिकाका माध्यमिक विद्यालयमा आयुर्वेद शिक्षा, माउन्टेनरीङ शिक्षा, पर्यटन व्यवस्थापन, होटल व्यवस्थापन लगायतका प्राविधिक शिक्षा संचालन गर्न प्रविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद संग समन्वय गर्ने प्रकृया अगाडि वढाईनेछ ।
- राष्ट्रिय अन्तर्राष्ट्रिय आवश्यकतालाई मध्यनजर गरी गाउँपालिका क्षेत्रमा रहने जनशक्तिको शिप विकास र क्षमता अभिबृद्धिको लागी सञ्चालन हुने प्राविधिक लगायतको शैक्षिक कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ ।
- हाल सामुदायिक र निजी विद्यालयहरुबाट प्रदान गरिँदै आएको शिक्षाको गुणस्तरमा अन्तर देखिएकोले गुणस्तरमा समानता कायम राख्न सामुदायिक विद्यालयहरुमा रहेका व्यवस्थापन समिति, विद्यालयका प्रध्यानाध्यापक, शिक्षक शिक्षिका एवं अभिभावकहरुलाई र निजी विद्यालयहरुको संचालन प्रक्रियामा नियमनका लागि सूचकहरुको विकास गरी कार्यान्वयनका लागि पहल गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायीक विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा दरवन्दी मिलान गर्ने नीति लिईनेछ । साथै जिल्ला बाहिर अध्ययनरत विद्यार्थीहरुलाई गाउँपालिकाको विद्यालयमा पढन उत्प्रेरित गरिनेछ।
- आधारभुत तहको शिक्षालाई गुणस्तरीय एवं प्रभावकारी बनाउन विद्यालयको आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउने नीति अवलम्वन गरिनेछ ।

- विद्यार्थी संख्या अत्यन्त न्यून भएका विद्यालयहरुको यथार्थ लगत विवरण लिई ती विद्यालयहरुको विकल्पको वारेमा गाउँ शिक्षा समितिमा छलफल गरी उपयुक्त निर्णय लिइनेछ ।
- विद्यालयको शैक्षिक उपलव्धीको आधारमा उच्च शैक्षिक उपलव्धी हासिल गर्ने विद्यालयहरुलाई पुरस्कृत गरिनेछ ।
- विभिन्न जनजातिका वालबालिकाहरुलाई मातृभाषामा आधारभुत तहको शिक्षा अध्ययन गर्न आ.व.०७७।०७८ मा अध्ययन कार्य पुरा गरी ०७८।७९ बाट सम्भावित प्राथमिक तहको शिक्षा संचालन गर्ने ।
- विद्यालय शिक्षामा ICT प्रयोगमा जोड दिईनेछ ।
- विद्यालय अनुगमन र नियमनलाई उपयुक्त मापदण्ड बनाई प्रभावकारी बनाईनेछ ।
- गाउँभित्र स्थापित भै सञ्चालनमा रहेको सामुदायीक सिकाई केन्द्र र पुस्तकालयहरुलाई व्यवस्थित र प्रभावकारी बनाईनेछ ।
- गाउँ शिक्षा समतिको बैठकले दिएका सुझावका विषयहरुलाई क्रमश कार्यान्वयन गर्दै लगिनेछ ।
- विद्यालयमा स्थानीय नार्पा भाषा, संस्कृति र कलाहरुको बारेमा स्थानिय शिक्षा प्रदान गरिनेछ ।

**२. स्वास्थ्यः**

- कोभिड-१९ रोकथाम तथा नियन्त्रणकोलागि संघ र प्रदेश सरकारसंग समन्वय गर्दै अगाडी वढ्ने नीति अवलम्वन गरिनेछ ।
- सरुवा एवं संक्रामक रोग रोकथाम तथा नियन्त्रणकालागि भेन्टिलेटर सहितको अस्पताल निर्माण र संचालनको लागि आवश्य पहल गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य चौकीहरुलाई प्राथमिक स्वास्थ्य केन्द्रको रुपमा विकास गर्न पहल गरिनेछ । नार स्वास्थ्य चौकीमा इमरजेन्सी सहितको सेवा संचालनका लागि भौतिक पूर्वाधारको विकासमा पहल गरिनेछ ।
- एक स्थानीय तह एक डाक्टर सहितको सेवा लाई प्रोत्साहन गर्दै गाउँपालिकामा एम.वि.वि.एस. डाक्टर सहितको स्थास्थ्य सेवा प्रदान गर्न पहल गरिनेछ ।
- स्वास्थ्य चौकीहरुको व्यवस्थीत सञ्चालनकालागी आवश्यक पर्ने जग्गा, संरचना र उपकरणहरुको उचित प्रवन्धकालागि आवश्यक पहल गर्ने नीति लिईनेछ ।
- गाउँपालिका क्षेत्र भित्रलाई समेट्ने गरी आपतकालिन स्वास्थ्य सुरक्षा कोषको स्थापना गरी बार्षिक निश्चित रकम विनियोजन गरी उक्त कोषबाट विपन्न व्यक्तिहरुलाई स्वास्थ्य उपचारको कार्यक्रम लागु गरिनेछ ।
- दुई वर्षभन्दा मुनिका वालवालिका, गर्भवति, सुत्केरी र स्तनपान गराईरहेका आमाहरुको पोषण सुधारका लागि वडा वडामा निश्चित बजेट विनियोजन गरी बजेटको रकम विपन्नता र कमजोर आर्थिक अवस्थाको आधारमा पोषण प्रोत्साहन भत्ता स्वरुप दिने व्यवस्था मिलाईनेछ । उक्त प्रोत्साहन स्वरुप दिईने रकम घर वस्ती र घरपरिवारको अवस्था हेरी नगद वा पोषणयुक्त खाद्य सामाग्री दिने व्यवस्था गरिनेछ ।
- वर्थिङ सेन्टरको सेवालाई सुदृढिकरण गर्दै वर्थिङ सेन्टरमा SBA तालिम प्राप्त जनशक्तिबाट मात्र सेवा प्रवाह गराउने व्यवस्था मिलाईनेछ ।
- प्रत्येक वस्तीका प्रत्येक घरधुरीलाई स्वास्थ्य केन्द्रवाट प्रसुति सेवा लिनको लागी जनचेतना अभिबृद्धि गर्ने कार्यका साथै प्रत्येक वडालाई स्वास्थ्य केन्द्रबाट पूर्ण प्रसुती सेवा (सुत्केरी सेवा) लिईएको वडा घोषण गर्ने नीति लिईनेछ ।
- गाउँ क्षेत्रका वासिन्दाहरुलाई विविध विषयहरुमा विशेषज्ञ सेवा सहितको स्वास्थ्य शिविर संचलन गरिनेछ ।

- गाउँपालिकाका विभिन्न क्षेत्रमा स्वास्थ्य सम्वन्धी जनचेतका साथै योग सम्वन्ध कार्यक्रमहरु संचालन गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र आवश्यकता अनुसार गाउँ स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिक र खोप केन्द्रलाई विस्तार र व्यवस्थित गर्दै लगिनेछ ।
- जेष्ठ नागरीक, अपाङ्गहरुलाई  निशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था  मिलाईनेछ ।

**३. खानेपानी तथा सरसफाईः**

- **खा**नेपानी सुविधा नपुगेका ठाउँहरुमा जनताको पहुँच विस्तार साथै खानेपानी गुणस्तरमा समेत ध्यान दिईनेछ ।
- आगमी दिनहरुमा वस्ती विकास हुन सक्ने सम्भाव्य स्थानहरु वडा नं. ४ क्याङ, वडा नं.३ च्याँखू र वडा नं २ मेता क्षेत्रमा सिंचाई तथा खानेपानी आयोजना संचालन गर्न पहल गरिनेछ ।
- डोकामा बोकेर खानेपानी उपयोग गर्ने अवस्थाको अन्त्य गरी एक घर एक धाराको व्यवस्था गरिनेछ । साथै आवश्यकता अनुसार लिफ्ट प्रविधिको समेत प्रयोग गरी खानेपानी उपलव्ध गराइने व्यवस्था गरिनेछ ।
- सरसफाई कार्यक्रमलाई खानेपानी आयोजनाको अभिन्न अङ्को रुपमा सञ्चालन गरिनेछ । गाउँक्षेत्रको सरसफाई कार्यलाई तीव्रता र निरन्तरता दिईनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका सवै वडा वडाहरुमा रहेको खानेपानीको मूल, खानेपानीको श्रोत र संचालित खानेपानी योजनाहरुको लागत संकलन गरी खानेपानीको प्रोफाईल तयारी गर्ने कार्यलाई अगाडी वढाईनेछ ।
- संचालित खानेपानीको नियमित संचालनका लागि मर्मत सम्भार कार्यलाई प्राथमिकता दिने र यसका लागी खानेपानीको सुविधा पाईरहेका घरहरुबाट मासिक रकम संकलन गर्ने व्यवस्था मिलाई योजनागत रुपमा मर्मत संभार कोषमा टोकन मनी जम्मा गरिने व्यवस्था मिलाईनेछ ।
- घना वस्ती, बजार क्षेत्र र उच्च शहरीकरण हुदै गएका वडा  र वस्तीहरुमा भविष्यमा पर्न सक्ने खानेपानीको अभावलाई मध्यनजर गरी यस गाउँपालिकाभित्र बृहत खानेपानी परियोजना संचालनका लागी संघीय सरकार र प्रदेश सरकार समक्ष अनुरोध गरिनेछ ।

**४. संस्कृति प्रवर्द्धन :**

- यस गाउँपालिका क्षेत्रभित्र बसोवास गर्ने प्रत्येक जात, जाति एवं समुदायहरुको प्राचिनकालदेखी चल्दै आएको ऐतिहासिक तथा पुरातात्वीक, मौलिक संस्कृति (भाषा, भेषभुषा, चाडपर्व) लाई संरक्षण एवं प्रवद्धन गर्दै लैजाने नीति अवलम्वन गरिनेछ ।
- कला र संस्कृतिको संरक्षण र संवद्धनकालागी पुस्ता हस्तान्तरण कार्यक्रम संचालन गर्न गरिने कृयाकलापहरुमा आवश्यक सहयोग गरिनेछ ।
- जाति, जनजाति लगाएतका समुदायहरुको सांस्कृतिक संरक्षण गर्न आवश्यकता अनुसार संग्राहलयहरुको निर्माणमा सहयोग गर्दै लगिनेछ ।
- विभिन्न जाति, जनजाति तथा आदिवासी समुदायहरुको सास्कृतिक पहिचान झल्कने गाउँपालिका स्तरिय जनजाति एकिकृत संग्राहलय निर्माण प्रारम्भ गर्ने नीति लिईनेछ ।

**५. लैगिंक समानता तथा सामाजिक समावेशीकरण :**

- यस गाउँपालिका क्षेत्रभित्र सञ्चालन गरिने प्रत्येक विकास निर्माण, श्रोत साधनको वितरण र अन्य क्रियाकलापहरुमा लैंगिक समानता तथा सामाजिक समावेसीकरणको नीतिलाई प्रभावकारी रुपमा अवलम्वन गर्दै लगिनेछ ।
- महिला विरुद्ध विभिन्न किसिमका हिसां र विभेदका विरुद्धमा महिला शसक्तिकरणका कार्यक्रम संचालन गरिनेछ । महिला हिंसा र विभेद मुक्त वस्तीको घोषण गर्दै वडा लाई नै महिला हिंसा र विभेद मुक्त वडा धोषणा गर्ने ।
- गाउँपालिका भित्र रहेका एकल महिलाहरुको लगत संकलन गरी उनीहरुकै सहभागीतामा उनीहरुको लागी आवधिक कार्य योजना तयार गरी उनीहरुको सीप र क्षमता अभिवृद्धि गरी आयआर्जनका कार्यक्रमहरु संचालन गरिनेछ ।
- गाउँपालिका आर्थिक वर्ष ०७६।०७७ को बजेटको विज्ञद्धारा लैङिक बजेट परिक्षण (GESI Report) प्रतिवेदन तयार गरिनेछ ।
- निर्माण गरिने भौतिक संरचनाहरुमा बालमैत्री डिजाईनको अवलम्वन गरी बालमैत्री संरचनाहरुको निर्माण गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र रहेका होटल रेष्टुराहरुमा काम गर्ने वाल मजदुर र सडक वालवालिकाको लागत विवरण तयार गर्ने । विवरण तयार भै सकेपछि उनीहरुको सुरक्षा, शिक्षा, संरक्षण, सम्वर्धन र विकासका कार्यक्रमहरुको तर्जुमा गर्ने ।
- अपाङ्ग बालवालिकाहरुको लागि विशेष शिक्षा (कक्षा) को संचालन र व्यवस्थापन गर्ने संचालित यस्ता विशेष कक्षाहरुको सुदृढिकरण गर्दै गुणस्तर वढाउने ।
- दलित वर्गको परम्परागत सीप तथा दक्षताको आधुनिकिकरण तथा व्यवसायीकरण गर्ने ।

**६. खेलकुद तथा मनोरञ्जन**

- किसोरकिसोरिहरु लाई कुलत, लागु पदार्थ ओसारपसार, दुर्व्यसनी तथा एचआईभि एड्स जस्ता जोखिमहरुबाट टाढा राख्न जनचेतनामूलक प्रचार प्रसार कार्यक्रम संचालन गरिनेछ । यस्तोमा फसिसकेकाहका लागि समाजमा पुनःस्थापना गर्न सम्वद्ध संस्थाहरु संग लागत सहभागिता गरि उपयुक्त कार्यक्रममा सहकार्य गर्दै अगाडी वढाईनेछ ।
- युवा युवती र सवै उमेर समूहका लागि मानसिक स्वास्थ्यको कार्यक्रमहरु सरकारी तथा गैरसरकारी सम्वद्ध निकायहरु संग साझेदारी गर्दै अगाडी वढाईनेछ ।
- सवै वडाहरुमा जग्गा प्राप्त भई सम्भव भएसम्म एक वडा एक खेल मैदान निर्माण गरिनेछ ।
- वैदेशिक रोजगारीमा गई ज्ञान र सीप सिकेर फर्केका युवायुवतीहरुको सीपलाई उद्यमसिलता तर्फ उन्मुख गर्ने नीति लिईनेछ ।
- वैदेशिक रोजगारीमा जान चाहने युवाहरुको लागि आवश्यक न्यूनतम ज्ञान, सिप र व्यवहारको तालिम प्रदान गर्नका लागि नगरपालिकाले साझेदारहरुसंग लागत सहभागितामा कार्यक्रमहरु संचालन गर्ने ।

**ग) पूर्वाधार विकास क्षेत्र :** नार्पा भूमि गाउँपालिकाको आधुनिक एवं व्यवस्थीत विकासका लागी पञ्च बर्षिय ग्रामिण गुरुयोजना निर्माण गरिनेछ र सो योजनाका आधारमा आ.व. ०७७/७८ देखी उक्त गुरुयोजनाले निर्दिष्ट गरेका कार्यक्रमहरुको कार्यान्वयन गर्दै लगिनेछ ।

**१. सडक तथा पुलः**

- यस गाउँपालिका क्षेत्रभित्रका सडकहरुको व्यवस्थित निर्माण र सञ्चालनका लागी गाउँपालिकाद्धारा गाउँ सडक यातायात गुरुयोजना तयार गरी लागू गर्दै लगिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र आवश्यकताका आधारमा पक्की पुल र झोलुङ्गेपुलको निर्माण एवं विस्तारको कार्यलाई क्रमिक रुपमा कार्यान्वयन गर्दै लगिनेछ ।
- वडा वडा ले आफनो वडाभित्र हाल कायम रहेको सवै वडाहरुको लगत विवरण तयार गर्ने र गाउँपालिका कार्यालयले त्यसमा भेरीफिकेसन गरी सवै सडकहरुको अभिलेख ( वडा, स्थान र दूरी (किमी) खुल्ने गरी ) तयार गरी सडक प्रोफाईल पुस्तिका तयार गर्ने ।
- पर्यटकिय गाउँ, पर्यटनको सम्भावना वोकेको स्थान र होम स्टे संचालन भएका र हुने संम्भावित ठाउँको सडक मार्गलाई प्राथमिकता दिइनेछ ।

**२. सिंचाईः**

- उत्पादनलाई बढवा दिनकालागि सिचाईको निरन्तर उपलव्ध गराउन आवश्यक नहर मर्मत संभार लगाएतका कार्यलाई स्थानीय समुदायलाई परिचालन गरी अगाडी बढाउने नीति लिईनेछ ।
- सोलार पम्प प्रविधि जडान गरी सिंचाईलाई व्यवस्थीत गर्दै अगाडी बढाउन आवश्यक पहल गरिनेछ ।
- पाखो जग्गाहरुमा स्प्रीडकलर, थोपा सिचाई जस्ता प्रविधिका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
- कृषि विकास कार्यक्रम वाट संचालन गरिएका साना सिचाई कार्यक्रमलाई सोही अनुसार निरन्तरता प्रदान गरिनेछ ।
- धेरै लागतका ठूला सिचाई र मझौला सिचाई योजनाहरु संचालनको लागि प्रदेश सरकार र संघीय सरकारसंग अनुरोध गरिनेछ ।

**३. भवन तथा शहरी विकासः**

- भवन तथा शहरी विकासकालागी एकिकृत बस्ती विकासको संभावनाको अध्ययन गरि प्राप्त प्रतिवेदनको आधारमा प्राथमिकता साथ एकिकृत वस्तीहरुको निर्माण र विकास गर्दै लगिनेछ ।
- जग्गा एकिकरण तथा बस्ती विकास कार्यक्रम संचालन गर्न आवश्यक कार्यविधि निर्माण तथा कार्यान्वयन गर्ने प्रकृयालाई अगाडि बढाईनेछ ।
- भवन तथा शहरी विकासकालागी बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत मापदण्ड, २०७२ लाई कार्यान्वयन गर्ने प्रकृया अगाडि बढाइनेछ ।
- वस्ती वाट माग भई वडा समितिको वैठकवाट सिफारिस भएका मागहरुमा मात्र वजेट विनियोजन गरिनेछ
- गाउँपालिकाको को प्रत्येक वडा कार्यालयको नजिकै (स्थानमा) सभा सम्मेलन गोष्ठि वैठकहरु सहज रुपमा गर्न मिल्ने गरी एक एक वटा वहुउदेश्यिय भवन वनाउने नीति लिईनेछ । हाल वडा कार्यालयहरुको भवन नजिक यस्ता भवन वनी सकेको अवस्था भएमा त्यस्ता भवनमा थप सेवा सुविधाको विस्तार गरीने छ र नवनेका स्थानहरुमा वनाउन जोड दिईने छ ।
- विगतमा निर्माण भई सकेका सामुदायिक भवनहरुको जग्गा आफनो नाममा कायम भै नसकेको अवस्था भएमा संस्थाको नाममा जग्गा कायम गर्न वडाहरुले उच्च प्राथमिकता दिइनेछ ।
- सामुदायिक भवनहरुको निर्माण गर्दा अपांग तथा वालमैत्रीयुक्त डिजाईन गरेर वनाईने छ ।
- गाउँपालिकाको केन्द्र रहेको स्थान ( पेरीफेरीमा ) अतिथी गृह, सभा भवन, ईलम प्रशिक्षण केन्द्र जस्ता वहुउदेश्यीय तथ वहु आयामिक महत्वका भवन निर्माणमा जोड दिईनेछ ।
- वर्थिङग सेन्टर, खोप केन्द्र, पुस्तकालय (वाचनालय) , जेष्ठ नागरिक विश्राम केन्द्र र सार्वजनिक वस प्रतिक्षालय जस्ता भवन निर्माणहरुको मागलाई उच्च प्राथमिकता दिईने छ ।

**४. उर्जा/जलविद्युतः**

- यस गाउँपालिकाका विद्युत विस्तार हुन बाँकी बस्तीहरुमा विधुत विस्तारको कार्यलाई अगाडी बढाईनेछ साथै ३३ के भी राष्ट्रिय प्रसारण लाईन जोड्ने पहल गरिनेछ ।
- हाल सञ्चालनमा रहेका विधुतलाईनबाट प्रसारण भैरहेको विधुतलाई नियमानुसार सञ्चालन गर्न, गराउन विशेष पहल गरिनेछ ।
- काठको पोल गाडेर विद्युत विस्तार भै रहेका स्थानहरुमा रहेको जीर्ण पोलहरुलाई क्रमश विस्थापित गरी स्टिल/फलामका आधुनिक पोलहरु राख्न जोड दिईनेछ । यस्तो कार्यका लागि प्रथम चरणमा दुर्गम ग्रामीण वस्तीहरुमा र काठको जीर्ण पोलहरु रहेका लाई प्रथम प्राथमिकता दिइनेछ । यस कार्यको लागि नेपाल विद्युत प्राधिकरण संग लागत सहभागितामा काम अगाडी वढाईनेछ ।
- गाउँपालिका क्षेत्रभित्र थप लघुजलविद्युतको लागि संम्भाव्य खोलाहरुको अध्ययन कार्य गरिनेछ । अध्ययन वाट सम्भावित देखिएमा गाउँपालिका र स्थानीय वासिन्दाहरुको संयुक्त शेयरमा लगानी गरी विद्युत निर्माण गर्न जोड दिईने ।

**५. बैकल्पिक उर्जा:**

- गाउँपालिकाको कुनै क्षेत्रमा विद्युत प्रसारण लाईन पुर्‍याउन नसकिने क्षेत्रहरुमा बैकल्पिक उर्जाको रुपमा सोलार बत्ति जडान गर्न पहल गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्रको सम्भाव्य स्थानहरुमा सोलार सडक बत्ति जोड्ने नीति लिईनेछ ।

**६ . सञ्चारः**

- यस गाउँपालिकाका केन्द्र च्याखूँमा लेण्डलाईन टेलिफोन र इन्टरनेट जडानको कार्यलाई तिव्रता दिदै च्याखुँ केन्द्रमा टेलिकम टावरको माग संघिय सरकारमा पेश गरिनेछ । उक्त कार्यको निरन्तरताका लागि सरोकारवाला निकायमा पहल गरिनेछ ।
- वडाहरुलाई सूचनाप्रविधि मैत्री बनाउन सवै वडाहरुमा ईन्टरनेट सुविधा पुरयाउन पहल गरिनेछ ।
- व्यक्तिगत घटना दर्ता अनलाईन मार्फत गर्नका लाागि वडा सचिवहरुलाई गाउँपालिकावाट तालिम प्रदान गने व्यवस्था मिलाईनेछ ।
- मोवाईल सम्पर्कलाई नियमित बनाउन टेलिकमका टावरहरुलाई व्यवस्थीत बनाउन सम्वन्धित निकाय संग समन्वय गर्ने ।
- स्थानीय सामुदायिक एफ एम र स्थानीय स्तरवाट निस्कने पत्रपत्रिकाहरुको प्रर्वधन गर्दै जाने नीति लिईनेछ ।
- गाउँपालिकाको वेभसाईट र फेसवुक मार्फत गाउँपालिकाको सूचना, गतिविधि र समाचारहरुलाई नियमित वनाईनेछ ।

**घ) वातावरण तथा विपद व्यवस्थापन :**

**१. वन तथा भू- संरक्षण :**

- यस गाउँपालिका क्षेत्रभित्र पाईने जडिबुटीहरु जस्तै यार्सागुम्वा, जिम्बु, जिरा, सिस्नु इत्यादिको पहिचान गरी जडिबुटि खेति गर्न प्रोत्साहन गरिनेछ ।
- यस गाउँपालिका भित्र खालि भएका सरकारी तथा सार्वजनिक जग्गाहरुमा विभिन्न जाति तथा प्रजातिका बोट विरुवाहरु रोप्न साथै बनहरुको संरक्षणकालागि सामुदायीक बन उपभोत्ता समितिहरुलाई परिचालन गरिनेछ ।
- गाउँपालिका क्षेत्रको सवै वडाहरुमा रहेका सार्वजनिक , सरकारी, ऐलानी पर्ती जग्गाहरुको नापी कार्यालयवाट विवरण तयार गराई सार्वजनिक सरकारी जग्गाको अभिलेख पुस्तिका तयार गरिनेछ ।
- सार्वजनिक सरकारी जग्गाहरुको संरक्षण गरी तीनको उत्पादन र उपयोगको योजना वनाइनेछ ।

- सार्वजनिक जग्गाहरुमा अनधिकृत रुपमा वनाईएका र वनाईने घर टहराहरुलाई कडाईका साथ नियन्त्रण गरिनेछ ।
- खेतीयोग्य ( कृषि जग्गा ) जग्गा भित्र वस्ती विकासको कार्यलाई नियन्त्रण गर्न वस्ती विकास र प्लटिङ कार्यलाई नेपाल सरकारको नीति अनुसार अगाडी वढाउने ।

**२. जलाधार संरक्षण :**

- यस गाउँपालिका क्षेत्रभित्र बाह्रै महिना पानि चल्ने नदी खोला तथा अन्य जलाधार स्रोतहरुको पहिचान संरक्षण गरी जलाधार क्षेत्रमा हुने भुक्षय तथा वातावरण प्रदुषणलाई न्यूनिकरण गर्न वायो इञ्जिनियरिङ सहितको जलाधार संरक्षण गरी ठूला/साना जलाधार क्षेत्रको संरक्षण संवर्द्धन गरिनेछ ।

**४. फोहोरमैला व्यवस्थापन :**

- ट्रेकिङ रुटहरुमा ठाउँ ठाउँमा डस्ट विन हरु तथा फोहोर जलाउने खाल्डाहरु बनाई फोहोर व्यवस्थापन गर्ने नीति लिईनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका घरबाट निष्केका फोहोरहरुलाई उत्पादन स्थलमै वर्गिकरण गरी कुहिने फोहोरलाई कम्पोष्ट मल बनाई उपयोग गर्न प्रोत्साहन गरिनेछ ।
- नकुहिने फोहोरलाई पुन प्रयोग गर्न प्रोत्साहन गरिनेछ । साथै ढल निकास प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ ।

**५. जल उत्पन्न प्रकोप नियन्त्रण :**

- यस गाउँपालिका क्षेत्रभित्र वर्षातका कारण वा खोलानालाहरुको निरन्तर कटानबाट क्षति हुन सक्ने वस्तीहरु, खेतियोग्य भूमीहरु र वन जंगलहरुलाई समेत संरक्षण गर्नकालागी उक्त संभावित क्षेत्रहरुको पहिचान गरी आवश्यकता अनुसार तटवन्ध निर्माण र वायोइञ्जिनियरीङ कार्यक्रमलाई व्यवस्थीत गरी न्यूनिकरण गर्ने नीति अवलम्वन गरिनेछ ।

**६. विपद व्यवस्थापन :**

- गाउँपालिका क्षेत्रभित्र मानविय एवं प्राकृतिक कारणले हुने विपद्को जोखिम न्यूनिकरण गर्न पूजिगत बजेटको कम्तिमा एक प्रतिशत रकमको व्यवस्था सहित एक विपद व्यवस्थापन कोष स्थापना गर्न पहल गरिने र खासगरी गर्मि एवं वर्षा मौसममा आउनसक्ने विपद्हरु (आगोलागी, बाढीपहिरो, चट्याङ, झाडापखाला) र जाडो याममा हुने हिमपात, हिउपहिरो को न्यूनिकरणकोलागी जनचेतना अभिवृद्धि गर्ने र त्यस्ता प्राकृतिक प्रकोपबाट बच्नकोलागी स्थानीय जनताहरुको संलग्नतामा विभिन्न प्राकृतिक प्रकोप न्यूनिकरण कार्यक्रम कार्यान्वयन गर्ने नीति अवलम्वन गरिनेछ ।

**ङ) सुशासन तथा संस्थागत विकास :**

**१. मानव संशाधन विकास :**

- यस गाउँपालिका क्षेत्र भित्र रहेका युवा जनशक्तिहरुको सीप एवं दक्षता विकासका लागी सीपमुलक कार्यक्रम कार्यान्वयन गर्ने ।
- यस गाउँपालिका, वडा कार्यालय र अन्य विषयगत कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको दक्षता अभिवृद्धिका लागि आवश्यकता अनुसारको क्षमता विकास तालिमको कार्यान्वयन गर्दै लगिनेछ ।

**२. संस्थागत क्षमता विकास :**

- यस गाउँपालिका र गाउँपालिका क्षेत्रभित्र गाउँपालिका मातहत रहने/रहेका सबै सरकारी निकायहरुको संस्थागत क्षमता अभिवृद्धिकालागी आवश्यक भौतिक श्रोत साधन उपलब्ध गराउने र आधुनिक सूचना प्रविधिमैत्री बनाउदै लगिनेछ । साथै गाउँपालिकामा हेल्लो गाउँपालिका अध्यक्ष कार्यक्रम संचालनमा ल्याईनेछ ।
- गाउँपालिका र वडा कार्यालयबाट गरिने दैनिक कार्यहरुलाई सहज, सरल र प्रभावकारी वनाउन वडाको लागि आवश्यक न्यूनतम जनशक्तिको व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकावाट जारी ऐन, कानून, नियम, निर्देशिका, कार्यविधि र मापदण्डको पालना गरि कार्यसम्पादन गर्ने व्यवस्था मिलाईनेछ ।
- निर्वाचित जनप्रतिनिधिहरु र कर्मचारीहरुकोहरुको क्षमता अभिवृद्धिको लागि क्षमता विकास योजना ( CDP ) तयार गरिनेछ ।
- योजना कार्यान्वयन गर्नको लागि गठीत उपभोक्ता समितिका पदाधिकारीहरुको क्षमता विकासका लागि अभिमुखिकरण तालिम संचालन गरिनेछ ।
- गाउँपालिका र वडा कार्यालयहरुवाट प्रदान गरिने सेवाको लागि कार्यालयको अग्रभागमा नागरिक वडापत्र (citizen charter) जारी गर्ने व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकाले प्रदान गर्ने सेवा र सम्पादन गर्ने कार्यहरुको लागि आवश्यक कार्यविधि, मापदण्ड, निर्देशिका तर्जुमा गर्ने । कुन कार्य कसरी कुन प्रकृया वाट गरिन्छ ? सो विषयमा स्पष्ट उल्लेख गर्ने । र सबै कार्यहरु विधि र प्रकृया वमोजिम सम्पादन गरिनेछ।
- गाउँपालिकावाट प्रदान गरिने संस्थागत तथा व्यक्तिगत रुपमा प्रदान गरिने कार्यक्रम सहायता तथा आर्थिक सहायताको लागि आर्थिक सहायता कार्यविधि तर्जुमा गरि सो को व्यवस्था वमोजिम प्रदान गरिनेछ ।
- गाउँकार्यपालिकाको कार्यालयवाट सम्पादन गर्ने कार्यहरुका लागि आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने । यसका लागि आवश्यक मापदण्ड र कार्यविधि वनाइनेछ ।
- गाउँकार्यपालिकाको कार्यालयमा एउटा गुनासो पुस्तिका राखिनेछ र गुनासो पुस्तिका मार्फत आएका गुनासा र सुझावहरुलाई उपयुक्त सम्वोधन गर्ने व्यवस्था मिलाईनेछ। सवै वडाहरुको सार्वजनिक स्थानहरुमा सूचना पेटिहरु राख्ने व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकाले प्रत्येक त्रैमासिकमा तोकिएको स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ । सार्वजनिक सुनुवाईमा जनताहरुवाट आएका गुनासा, सुझावहरुलाई उच्चतम प्राथमिकता प्रदान गरि आफनो कार्यसम्पादनलाई सुधार गरि प्रभावकारी वनाउदै लगिनेछ ।
- गाउँसभाले स्वीकृत गरेको वार्षिक नीति, कार्यक्रम(योजनाहरुको) र बजेट वारेमा गाउँवासीहरुको जानकारीको लागि मन्त्रालयले तोकिदिएको ढाँचामा वार्षिक योजना पुस्तिका प्रकाशन गरिनेछ ।
- स्थानीय सरकार संचालन ऐन २०७४, सुशासन (संचालन र व्यवस्थापन) ऐन र नियमावलीले गरेका व्यवस्थाहरुलाई कार्यान्वयन गर्दै लगिनेछ ।
- योजनाका उपभोक्ता समितिहरुले आफनो योजना सम्पन्न भएपछि वडा कार्यालय संग समन्वय गरी योजनाको आय र व्यय खर्चको विवरण सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ ।

**३. सेवा प्रवाह :**

- यस गाउँपालिका, गाउँपालिका मातहतका सबै सरकारी एवं अर्द्धसरकारी निकायहरुबाट प्रवाह गरिने सेवालाई निश्चित मापदण्ड तयार गरी सो मापदण्डका आधारमा सूचना मैत्री प्रविधिको प्रयोग गरी छिटो, छरितो, चुस्त, दुरुस्त एवं पारदर्शी रुपमा प्रवाह गर्ने नीति अख्तियार गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र काम गर्न इच्छुक गैर सरकारी संस्थाहरु सँग MOU गरि अनुमतिपत्र दिई मात्र काम गर्ने व्यवस्था मिलाईनेछ ।

**च) वित्तिय व्यवस्थापन र सुशासन :**

**१. राजश्व परिचालन र संकलन :**

- यस गाउँपरपालिकाको आर्थिक उन्नतिका लागी राजश्वका नयाँ श्रोतहरुको खोजी गरी नगरपालिकाको राजश्व अभिवृद्धि गर्ने नीति अवलम्वन गरिनेछ ।
- करको दायरा फराकिलो बनाईनेछ । साथै सवै व्यवसायीहरुलाई करको दायरामा ल्याई राजश्व संकलनलाई बृद्धि गर्ने नीति लिईनेछ ।

**२. वित्तिय अनुशासन र आन्तरिक नियन्त्रण प्रणाली :**

- यस गाउँपालिका, गाउँपालिका मातहतका विषयगत निकायहरुमा वित्तिय अनुशासन र आन्तरिक नियन्त्रण कायम राख्न सो संग सम्वन्धीत कानुन र सुशासनको मुलभूत मान्यतालाई कडाईका साथ अवलम्वन गरिने नीति लिईनेछ ।

**छ) लक्षित क्षेत्र :**

- यस गाउँपालिका क्षेत्रभित्रका सबै लक्षित वर्ग (महिला, बालवालिका, आदिवासी जनजाति, जेष्ठ नगरिक, अपाङ्ग, युवा, दलित, पिछडावर्ग, मुस्लिम, अल्पसंख्यक, विपन्न जातजाति एवं अन्य) वर्गको उत्थानकालागी एक लक्षित वर्ग विशेष कोषको स्थापना गर्न पहल गरिनेछ ।
- यस गाउँपालिका क्षेत्रभित्रका लक्षित वर्गहरुको सरकारी निकाय, गैरसरकारी निकायहरुबाट प्रदान गरिने सेवा सुविधाहरुमा पहुँच अभिवृद्धि गर्न, विकास निर्माणका क्रियाकलापहरुमा अर्थसहितको सहभागिता सुनिश्चत गर्न र प्राप्त प्रतिफलको न्यायोचित वितरण हुने व्यवस्था गर्न आवश्यक प्रवन्ध गरिनेछ ।

**ज) अन्य कार्यक्रम** : नार्पा भूमि गाउँपालिकालाई विकासको दृष्टिकोणबाट नमुना गाउँकोरुपमा विकास गर्न नमुना गाउँ, नमुना टोल, नमुना विद्यालय, नमुना कार्यालय, नमुना सडक, नमुना पार्क आदी जस्ता नमुना कार्यक्रमहरु कार्यान्वयन गरीने नीति लिईनेछ । यसका लागी सम्वन्धित विषयको विज्ञ सहितको समिति गठन गरी प्राप्त प्रतिवेदन एवं राय सुझावका आधारमा कार्यक्रम कार्यान्वयन गरीनेछ ।

**२.५ उपसंहार**

भौगोलिक रुपमा विकट हिमालि जिल्लाको रुपमा रहेको यस नर्पा भूमि गाउँपालिकाबासी जनताहरुको बृहत अकांक्षा रहेका छन । सिमित रुपमा रहेको श्रोत र साधनहरुले असिमित आवश्यकता पुरा गर्नु निश्चयनै सहज छैन । तरपनि संविधानको परिधिभित्र रहेर गाउँको आधारभूत तहको विकासमा टेवा पुग्ने र गाउँवासीहरुको जीवनस्तरलाई माथि उठाउनुका साथै समृद्ध नार्पा भूमि निर्माणको लक्ष्य तथा सीमित साधनको अधिकत्तम परिचालनद्धारा गाउँको समग्र विकास गर्ने उदेश्यका साथ मुलतः नेपालको संविधान, संघीय र प्रादेशीक कानूनहरु, स्थानीय सरकार संचालन ऐन, गाउँसभाबाट पारित गाउँपालिकाको नीति तथा कार्यक्रम, विनियोजन विद्येयक, २०७७ को सिद्धान्त र प्राथमिकता, पन्ध्रौ योजना र दिगो विकास लक्ष्यलाई प्रोत्साहन गर्ने गरी यो नीति, कार्यक्रम एवं बजेट पेश गरेको छु । यो बजेट तुर्जुमाका सिलसिलामा प्रत्यक्ष रुपमा सहयोग गर्नुहुने नार्पा भूमि गाउँपालिकाका अध्यक्ष्यज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, सम्पूर्ण वडाका वडा अध्यक्ष्य ज्यूहरु, गाउँ कार्यपालिकाका सदस्य ज्यूहरु, राजनीतिक दलका नेताहरु, उद्योग वाणिज्य संध तथा व्यापार क्षेत्रका प्रतिष्ठित व्यक्तिहरु, विषयगत विज्ञहरु, नागरीक समाजका विभिन्न महानुभावहरु, संचार कर्मीहरु लगाएत यस गाउँको समृद्धिको लागि चासो र सरोकार राख्ने सबैप्रति हार्दिक धन्यबाद ज्ञापन गर्न चाहान्छु ।

**प्रस्तुत गर्ने**
श्री मिङ्मा छिरिङ लामा
अध्यक्ष

पारित मिति २०७८।०३।२१